# यान्त्रिक उपकरण जे.सि.बी. सञ्चालन सम्बन्धी कार्यविधि, २०८१

यमुनामाई गाउँ कार्यपालिकाको कार्यालयमा रहेका यान्त्रिक उपकरण जे.सि.बी मितव्ययी र प्रभावकारी ढङ्गले सञ्चालन गर्न, रेखदेख तथा व्यवस्थापन गर्न तथा उक्त उपकरणहरु शःशुल्क भाडामा वा अन्य प्रयोजनका लागि उपलब्ध गराउन कार्यबिधि बनाई लागू गर्न बाञ्छनीय देखिएकोले,

यमुनामाई गाउँपालिका क्षेत्रको समग्र भौतिक पूर्वाधार विकास लगायत छिमेकी नगरपालिका, गाउँपालिका तथा जिल्लाहरुमा समेत निर्माण हुने भौतिक पूर्वाधारका कार्यहरुमा सशुल्क प्रयोग गर्नका लागि यस कार्यालयसँग रहेको **यान्त्रिक उपकरण जे.सि.बी. सञ्चालन तथा व्यवस्थापन** का लागि देहायका शर्त, बन्देजमा रही सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने गरी **यमुनामाई गाउँ कार्यपालिकाको** मिति २०८१।०७।०२ को कार्यपालिका बैठकबाट स्वीकृत गरी यो कार्यविधि कार्यान्वयनमा ल्याइएको छ।

## १. संक्षिप्त नाम र प्रारम्भः

(१) यो कार्यविधिको नाम **"यान्त्रिक उपकरण जे.सि.बी. सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१"** रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि लागू हुनेछ।

## २. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमाः

a) **ऐन** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु पर्दछ।
b) **नियमावली** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन बमोजिम बनेको नियमावलीलाई सम्झनु पर्दछ।
c) **गाउँपालिका** भन्नाले यमुनामाई गाउँपालिकालाई सम्झनु पर्दछ। सो शब्दले आवश्यक परेको अवस्थामा अन्य गाउँपालिकालाई समेत जनाउनेछ।
d) **गाउँसाभा** भन्नाले यमुनामाई गाउँ सभालाई सम्झनु पर्दछ।
e) **अध्यक्ष** भन्नाले यमुनामाई गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्दछ।
f) **उपाध्यक्ष** भन्नाले यमुनामाई गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्दछ।
g) **यमुनामाई कार्यपालिका** भन्नाले यमुनामाई गाउँ कार्यपालिकालाई सम्झनु पर्दछ।
h) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले यमुनामाई गाउँ कार्यपालिकाको कार्यालयका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।
i) **इन्जिनियर** भन्नाले यमुनामाई गाउँपालिकाका इन्जिनियरलाई सम्झनु पर्दछ। सो शब्दले गाउँपालिकाले सेवा परामर्श लिन सम्झौता गरेको इन्जिनियरलाई समेत जनाउँदछ।
j) **कार्यालय** भन्नाले यमुनामाई गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।
k) **प्रयोगकर्ता** भन्नाले यान्त्रिक उपकरण जे.सि.बी. सञ्चालनका लागि लिई जाने संघ, संस्था, व्यक्ति वा सरकारी निकाय सम्झनु पर्दछ।
l) **भाडा** भन्नाले यान्त्रिक उपकरण जे.सि.बी. भाडामा उपलब्ध गराउन निर्धारण गरिएको दर रेटबाट हुन आउने रकमलाई सम्झनु पर्दछ।
m) **बिल** भन्नाले यान्त्रिक उपकरण सञ्चालन गरेको अपरेसन लगसीटको आधारमा कार्यालयले भाडा बापतको रकम राजस्व खातामा जम्मा गर्नको लागि तयार गर्ने भाडा महसुल बिललाई सम्झनु पर्दछ।
n) **अपरेटर** भन्नाले यान्त्रिक उपकरण जे.सि.बी. सञ्चालन गर्न खटिई जाने कर्मचारीलाई सम्झनु पर्दछ।

## ३. उद्देश्यः

यमुनामाई गाउँ कार्यपालिकाको कार्यालयबाट सञ्चालन गरिने भौतिक विकास कार्यक्रमहरु, स्थानीय गाउँपालिकासी, संघसंस्था, नेपाल सरकारद्वारा सञ्चालित विकास आयोजनाहरु, दातृ निकायबाट सञ्चालन हुने विकास आयोजनाहरु तथा

यमुनामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरुअठा, रौतहट
मधेश प्रदेश, नेपाल

महमद संउद
अध्यक्ष
यमुनामाई गाउँपालिका
सरुअठा, रौतहट

छिमेकी नगरपालिका,गाउँपालिका तथा नगरपालिकाहरुका विकास कार्यक्रमहरुमा समेत माग भई आए अनुसार प्राथमिकताका आधारमा प्रयोगमा पठाउन तथा उपकरण सञ्चालन विधिमां एकरुपता र सरलता ल्याउनु यो कार्यविधिको प्रमुख उद्देश्य रहेको छ ।

## ४. सञ्चालन विधि

(१) कार्यालयको कार्य वा अन्य आकस्मिक कार्यहरुमा प्रयोग नभई यान्त्रिक उपकरण जे.सि.बी. खाली रहेको अवस्थामा कार्यालयको काममा बाधा नपर्ने गरी गाउँ कार्यपालिकाले तोके बमोजिमको भाडा लिई कुनै पनि व्यक्ति वा संघ संस्थालाई यान्त्रिक उपकरणहरु भाडामा उपलब्ध गराउन सकिनेछ।

(२) कुनै पनि व्यक्ति, संघ संस्थालाई आवश्यक परेको उपकरण प्रयोगमा ल्याउनका लागि देहायका प्रकृया पूरा भए पश्चात मात्र उक्त उपकरण उपलब्ध गराइनेछ।

(१) व्यक्ति वा संस्थाबाट प्रयोगका लागि माग गरिएको अवधिको लागि कार्यालयले उपलब्ध गराउन सक्ने अवस्था भएमा निवेदन दिनु पर्नेछ।

(२) माग निवेदन उपर कार्यालयबाट उपलब्ध गराउने निर्णय भएपश्चात तोकिएको भाडा दर बमोजिम प्रयोगकर्ताले प्रयोग गर्न चाहेको अवधिको लागि लाग्ने भाडा रकम अग्रिम गाउँ कार्यपालिकाको कार्यालयमा नगदै बुझाई सोको आम्दानी रसिद वा यमुनामाई गाउँपालिकाको नाममा रहेको राजश्व खातामा रकम जम्मा गरेको सक्कलै भौचर पेश गर्नुपर्नेछ।

(३) निवेदकले माग गरिएको समयभन्दा बढी समयसम्म कामकाज गर्नु गराउनु पर्ने भएमा मेशिन अपरेटरले तत्काल कार्यालय प्रमुखलाई खबर गरी थप कार्य आदेश लिएर थप समयको रकम अग्रिम जम्मा गर्न लगाएर मात्र मेशिन सञ्चालन गर्नु पर्नेछ।

(४) मेशिन प्रयोग गरे वापत प्रति घण्टा, प्रति सिफ्ट, प्रति दिनको शुल्क निर्धारण अनुसूची ४ मा तोकिए बमोजिम हुनेछ।

(५) जे.सि.बी. मेशिन फिल्डमा खटाउँदा कार्यालय कम्पाउण्डदेखि काम सम्पन्न गरी पुनः कार्यालय फिर्ता भएसम्मको मिटरको हिसाब गणना गरी लाग्ने शुल्क मेशिन प्रयोगकर्ताले बुझाउनु पर्नेछ।

(६) मेशिन खटिगएको स्थानमा काम सम्पन्न गरी कार्यालय फिर्ता भए पश्चात मेशिन अपरेटरले कामको विवरण सहित मिटरको अद्यावधिक अभिलेख लगबुक बमोजिमको फाराममा भरी कार्यालय प्रमुख समक्ष पेश गर्नु पर्नेछ।

(७) गाउँपालिकाले आवश्यकता र औचित्यताको आधारमा निश्चित समयसम्म कार्य गर्न मेशिन सोझै उपलब्ध गराउन सक्नेछ। उक्त कामको विवरण समेत लगबुक बमोजिम अभिलेखवद्ध गर्नुपर्नेछ।

(८) मेशिन प्रयोग गरी तोकिएको समयभन्दा अगावै काम सम्पन्न भई प्रयोगकर्ताको धरौटी रकम सञ्चित रहेको खण्डमा कार्यालय प्रमुखको आदेशको आधारमा सञ्चित समय वापत हुन आउने रकम काबु बाहिरको परिस्थिति बाहेक माग गरेको एक हप्ताभित्र चेक वा नगद द्वारा फिर्ता गर्नुपर्नेछ।

## ५. इन्धन तथा मर्मत सम्बन्धी व्यवस्था:

(९) मेसिन अपरेटरले इन्धन तथा लुब्रिकेन्ट माग गर्दा कार्यालयले निर्धारण गरेको फाराम स्वीकृत गराएर मात्र भर्नुपर्नेछ। इन्धन तथा लुब्रिकेन्ट खपतको अद्यावधिक विवरण मेशिन अपरेटरले तयार गरी इन्जिनियर वा सम्बनधित ईन्चार्जको सिफारिशमां कार्यालय प्रमुख समक्ष पेश गर्नुपर्नेछ।

(१०) इन्धन तथा लुब्रिकेन्ट र मर्मत सम्बन्धी सम्पूर्ण कार्यको विस्तृत लगत गाउँ कार्यपालिकाको कार्यालयको जिन्सी शाखामा अद्यावधिक गरी राखिनेछ।

(११) मेशिन बिग्रिएमा बिग्रिएको लिखित जानकारी मेशिन अपरेटरले कार्यालयलाई गराउनु पर्नेछ। कार्यालयबाट वर्कसपमा चेकजाँच गराई मर्मत गर्नुपर्ने कार्यको विस्तृत विवरण माग गरी स्वीकृत भएपश्चात मात्र मर्मत सम्भार कार्य गरिनेछ।

(१२) मर्मत सम्भारको कार्य गर्दा गराउँदा मेशिन अपरेटर वा इन्जिनियर वा जिन्सी शाखाको प्रतिनिधि वर्कसपमा रहनुपर्नेछ।

यमुनामाई गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय ..., रौतहट ... प्रदेश, नेपाल

महमद सउद
अध्यक्ष
यमुनामाई गाउँपालिका
सरुअठा, रौतहट

## ६. सञ्चालन शुल्क

कुनै व्यक्ति वा संघ संस्थाबाट जे.सि.बी. उपकरण माग भई आएमा देहाय बमोजिमको शुल्क नगदै वा तोकिएको बैंक खातामा अग्रिम बुझाउनु पर्नेछ वा जमानी वापत चेक वा अन्य आवश्यक कानूनी प्रकृया अपनाउनु पर्ने छ।

(क)ब्याक हो लोडर

| (इन्धन बाहेक) | | | | |
|---|---|---|---|---|
| क्र.सं. | | भाडा दर | | कैफियत |
| | | प्रति घण्टा | प्रति सिफ्ट | |
| सम्पूर्ण कर बाहेक | | | | |
| १ | गाउँपालिकाको आफ्नै लगानीमा उपभोक्ता समितिमार्फत सञ्चालित योजनाहरु | १२००।- | | ड्राईभर र सहयोगी कोभता सम्बन्धीत व्यक्तिले दिनु पर्ने छ। |
| २ | अन्य निकाय तथा ठेक्कापट्टा मार्फत सञ्चालित आयोजना | १२००।- | | ड्राईभर र सहयोगी कोभता सम्बन्धीत व्यक्तिले दिनु पर्ने छ। |

नोट- उल्लेखित दर रेटलाई कार्यपालिकाको निर्णय अनुसार समयानुकूल परिमार्जने गर्न सकिनेछ।

### ७. कर्मचारी व्यवस्था

(१३) जे.सि.बी सञ्चालनका लागि १ जना अपरेटर र आवश्यक परेमा सहयोगी १ जना स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम करार सेवामा नियुक्त गरिनेछ।

(१४)करारमा नियुक्त कर्मचारीको सेवा सुविधा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ।

### ८. सञ्चालन तथा व्यवस्थापन समिति

गाउँ कार्यपालिकाका यान्त्रिक उपकरण जे.सि.बी. सञ्चालन तथा व्यवस्थापनका लागि नीतिगत तथा निर्देशनात्मक व्यवस्थाका लागि तपसिल बमोजिमको सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ।

| | |
|---|---|
| गाउँपालिका अध्यक्ष वा निजले तोकेको पदाधिकारी | - संयोजक |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य सचिव |
| इन्जिनियर | - सदस्य |
| जिन्सी शाखा प्रमुख | - सदस्य |
| यान्त्रिक उपकरण ईन्चार्ज | - सदस्य |
| राजस्व शाखा प्रमुख | - सदस्य |

### ९. विविध

(१५) गाउँपालिकामा रहेका सवारी साधन तथा यान्त्रिक उपकरण जे.सि.बी. कार्यालय प्रमुख वा निजले तोकेको कर्मचारीको पूर्ण नियन्त्रणमा रहनेछन्। सवारी साधन तथा यान्त्रिक उपकरण चुस्त दुरुस्त राखी मर्मत सम्भार गर्नु पदाधिकारीर कर्मचारी सबैको दायित्व हुनेछ।

(१६) यान्त्रिक उपकरण जे.सि.बी. को माइल मिटर आधारभूत कार्य अद्यावधिक राख्ने दायित्व मेशिन अपरेटर र चालकको हुनेछ।

(१७) उपकरण फिल्डमा खटाउने वा नखटाउने सिफारिश चालक/अपरेटर र इन्जार्जको हुनेछ।

(१८)यस कार्यविधिमा उल्लेखित भाडा दर वा अन्य व्यहोरा समयानुकुल आवश्यक संशोधन वा थपघट गर्नुपर्ने भएमा सञ्चालन तथा व्यवस्थापन समितिको राय बमोजिम गाउँ कार्यपालिकाले थपघट वा संशोधन गर्न सक्नेछ।

यमुनामाई गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सरुअठा, रौतहट
मधेश प्रदेश, नेपाल

महमद सउद
अध्यक्ष
यमुनामाई गाउँपालिका
सरुअठा, रौतहट